# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, फागुन २८ गते २०४१ साल (संख्या ४७

## भाग ३

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले "छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९" को परिच्छेद ६ को दफा ३३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायमा लेखिएका अध्यक्ष र सदस्यहरू भएको प्रेस काउन्सिल मिति २०४३।१०।११ सम्म वर्ष २ को लागि गठन गरेको छ ।

(क) सर्वोच्च अदालतका भूतपूर्व माननीय न्यायाधीश श्री वासुदेव शर्मा – अध्यक्ष
(ख) माननीय राष्ट्रिय पञ्चायत सदस्य श्री टङ्कप्रसाद ढकाल – सदस्य
(ग) "दि राइजिङ्ग नेपाल" दैनिकका प्रधान सम्पादक – सदस्य
(घ) राष्ट्रिय समाचार समितिका महा-प्रबन्धक – सदस्य
(ङ) नेपाल पत्रकार सङ्घका सभापति – सदस्य
(च) निजी क्षेत्रका पत्रपत्रिकाका प्रकाशकहरूमध्येबाट "समय" दैनिकका सम्पादक तथा प्रकाशक श्री माणिकलाल श्रेष्ठ – सदस्य
(छ) निजी क्षेत्रका पत्रपत्रिकाका सम्पादकहरूमध्येबाट–
  (१) "अर्पण" साप्ताहिकका सम्पादक श्री मन्जुरत्न शाक्य – सदस्य
  (२) "प्रतिध्वनि" साप्ताहिकका सम्पादक श्री योगेन्द्र अर्याल – सदस्य
(ज) श्रमजीवी पत्रकारहरूमध्येबाट–
  (१) श्री गोपाल शिवाकोटी – सदस्य
  (२) श्री किशोरीरमण राणा – सदस्य
(झ) सूचना विभागका निर्देशक – सदस्य-सचिव

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको का.मु.सचिव

606

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।